सम्वत २०७७ सालको कार्यविधि नं ०३

# आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७७

## गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०३/२९

गवतीमाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दैलेख जिल्ला

कर्णाली प्रदेश, नेपाल

# “आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७७”

**प्रमाणिकरण मितिः २०७७/०३/२९**

**राजपत्रमा प्रकाशित मितिः २०७७/०३/२९**

**प्रस्तावना** :

गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिकामा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले भगवतीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम यो कार्यविधि बनाईएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. यो कार्यविधिको नाम** “ आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) कार्यविधि , २०७७” रहेको छ र यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “ ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

(ख) “गाउँपालिका” भन्नाले भगवतीमाई गाउँपालिकालाई जनाउँछ ।

(ग) “सभा” भन्नाले भगवतीमाई गाउँपालिकाको गाउँ सभालाई जनाउँछ ।

(घ) “कार्यपालिका” भन्नाले भगवतीमाई गाउँपालिकाको गाउँकार्यपालिकालाई जनाउँछ ।

(ङ) “अध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई जनाउँछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

(छ) “शिलबन्दी दरभाउपत्र” भन्नाले गाउँपालिकाको सूचना बमोजिम कुनै निर्माण कार्य गर्न वा मालसामान, परामर्श सेवा वा अन्य सेवा उपलब्ध गराउनको लागि इच्छुक व्यक्ति, फर्म कम्पनी वा संस्थाले सिलबन्दी खाम भित्र मूल्य समेत उल्लेख गरी पेश गरेको विवरण सम्झनु पर्छ ।

(ज)“ बोलपत्र” भन्नाले गाउँपालिकाले खरिदका लागि प्रकाशन गरेको सूचना अनुरुप सो निकायले तोकेको ढाँचामा बोलपत्रदाताले पेश गरेको मूल्य खुल्ने कागजात, प्रस्ताव वा दररेट सम्झनु पर्छ ।

(झ) “बोलपत्र सम्बन्धी कागजात” भन्नाले बोलपत्रदाताले मूल्य वा प्रस्ताव वा दररेट भरी वा तयार गरि पेश गर्नका लागि गाउँपालिकाले तयार गरेको लिखित कागजात सम्झनु पर्छ र सो शब्दले बोलपत्रदातालाई दिइएको निर्देशन, स्पेशिफिकेशन, नक्सा, डिजाइन, कार्यक्षेत्रगत शर्तहरु (टर्मस अफ

रेफरेन्स), कार्यतालिका, मूल्याङकनका आधार परिमाण सूची, सम्झौताहरु शर्तहरु र यस्तै अन्य कागजात समेत लाई जनाउनेछ ।

(ञ) “ठेक्का” भन्नाले गाउँपालिकाले ऐन/नियमावलीको प्रकृया पुरा गरि बोलपत्र वा सिलबन्दी दरभाउपत्र वा अन्य कुनै माध्यमबाट आय संकलन गर्ने सम्झौता गरेको कार्य सम्झनु पर्छ ।

(ट) “ठेक्का सम्झौता” भन्नाले ऐन/ नियमावली वा प्रचलित कानून बमोजिम गाउँपालिकाको आन्तरिक आय उठाउन गाउँपालिका र अन्य कुनै पक्षबीच शर्त राखी गरिएको सम्झौता सम्झनुपर्छ ।

(ठ) “कबोल अङ्क (विड प्राइस)” भन्नाले कुनै बोलपत्रको परीक्षण र मूल्याङ्कन समेतबाट कायम हुन आएको रकम सम्झनु पर्छ ।

(ड) “सम्झौता मूल्य (कन्ट्रयाक्ट प्राइस) ” भन्नाले खरिद सम्झौतामा उल्लिखित खरिद मूल्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्झौता अन्तर्गत भेरिएसन आदेश जारी गरिएकोमा त्यस्तो आदेश बमोजिम भएको भएको काम, नाप जाँच गर्दा कायम भएको मूल्य र मूल्य समायोजन भएकोमा त्यस्तो समायोजनबाट कायम भएको खरिद मूल्य समेतलाई जनाउँछ ।

(ढ) “ बहुबर्षिय सम्झौता ” भन्नाले एक बर्ष भन्दा बढी अवधि भएको सम्झौता सम्झनु पर्छ ।

(ण) “ धरौटी रकम” भन्नाले कुनै काम टुङगो नलागेसम्म सुरक्षण बापत राखिएको रकम (रिटेन्सन मनी ) वा अर्नेष्ट मनी वा सो बापतको बिडबण्ड, पर्फर्मेन्स बण्ड सम्झनुपर्छ र सो शब्दले अन्य कुनै कारणले राखिएको धरौटी रकम समेतलाई जनाउनेछ ।

(त) “बढाबढ” भन्नाले ऐन/नियमावली बमोजिम गाउँपालिकाको आन्तरिक आय उठाउन ठेक्का बन्दोबस्त गर्नका लागि ठेक्का लिन चाहने व्यक्तिहरुबाट डाँक बोलाई गरिएको बढाबढ सम्झनु पर्छ ।

(थ) “डाँक” भन्नाले बढाबढ हुँदा ठेक्का लिन चाहने व्यक्तिले सो ठेक्का सम्बन्धमा कबुल गरेको नगद वा जिन्सीको अङ्क सम्झनु पर्छ ।

(द) “अमानत” भन्नाले गाउँपालिका आफैले सिधै सम्पन्न गर्ने कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ ।

## परिच्छेद -२

**३. आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोबस्त गर्न सक्ने :** (१) ऐन र नियमावलीको अधिनमा रही यस गाउँपालिकाको गाउँ सभाले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न गाउँपालिकाले एक आर्थिक बर्षको लागि ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।

तर गाउँपालिकाको आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा पाँच बर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि " आन्तरिक आय" भन्नाले नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहले आपसी सहमतिद्धारा संयुक्त रुपमा उप दफा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन् ।

(३) गाउँपालिकाले सामान्यतया आर्थिक बर्ष शुरु हुन अगाडि नै ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ । यसरी ठेक्का बन्दोबस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उप दफा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) आगामी आर्थिक बर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्युनतम ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असुली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि गाउँसभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय एकलाख पचास हजार रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्धारा र एकलाख पचासहजार रुपैँया भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैँयासम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना बोलपत्र माग गर्ने स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, तथा जिल्लाको सदरमुकाममा कुनै निर्माण व्यवसायी संस्था भए त्यस्तो संस्थाको कार्यालयमा समेत टाँस गर्नुपर्नेछ । दशलाख रुपैँया भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(१) साविकमा ठेक्का लागि आएको भए कति रकम र के शर्तमा ठेक्का लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाउँदा छुट दिइने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान (स्थान खुलाउँदा गाउँपालिकाको निर्णयले एकभन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिने वा इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउन सकिनेछ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ ।

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम (कार्यालय वा अधिकारीको नाम खुलाउँदा गाउँपालिकाको निर्णयले एकभन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिनेछ ।

(८) बोलपत्र बापत लाग्ने मूल्य,

(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा बैंङ्कग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु ।

(च) खण्ड (ङ) को उपखण्ड (८) बमोजिम फारमको दस्तुर अनुसूचि १ बमोजिम हुनेछ ।

(छ) खण्ड (ङ) बमोजिम प्रकाशन सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारबाही, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधि यसै नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा बढी भएमा,

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सुचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नुपर्नेछ :-

(१) बढाबढ हुने भगवतीमाई गाउँपालिकाको कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने मिति र समय,

(३) अन्य आवश्यक कुराहरु ।

(५) उपदफा (४) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सुचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफुले कबुल गरेको अङ्कको दश प्रतिशत रकम

त्यस्तो भगवतीमाई गाउँपालिकाको नाममा उक्त सूचनामा तोकिएको बैंकमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखि वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको पचहत्तर दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नुपर्नेछ ।

तर बढाबढ गर्दा पनि गाउँपालिकाले तोके बमोजिमको न्युनतम अंक पनि कबोल अंक हुन नआएमा गाउ स्तरीय राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।

(६) ऐन/ नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नूपर्नेछ ।

तर कुनै ठेक्काको चलान पुर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफरिस गरिएका जमानतवालाहरुको जमानत गाउपालिकाले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उप दफा (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मिति भन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्धारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

**४. ठेक्का स्वीकृत गर्ने :** (१) दफा ३ को उप दफा (४) अन्तरगत प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक गाउँपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

(३) दफा ३ को उपदफा (४) को खण्ड (भ) बमोजिम सार्वजनिक बढाबढ गर्दा न्युनतम अंकबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै दफा ३ को उपदफा (५) बमोजिमको धरौटी वा बैंक ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

(४) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अधिकार दफा ९ मा उल्लिखित अधिकारीहरुलाई सोही दफाहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

**५. पट्टा दिने र कबुलियत गराउने :** (१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने गाउँपालिका वा अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाँक वालालाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबुल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझि नलिएमा वडा समितिका सदस्य एक जना समेत स्थानीय

व्यक्तिहरु चार जनालाई साक्षी राखी सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिनेछ

तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

(३) उप दफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जुर गरे ठेक्का बन्दोबस्त गर्ने गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृतले निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पुर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जुर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का बन्दोबस्त गर्दा त्यस्तो रकम गाउँपालिकाले अनुमान गरेको अंक भन्दा कम हुने रहेछ भने यस नियमावलीको प्रकृया पुऱ्याई पुनः बोलपत्र आव्हान गर्नुपर्नेछ ।

(४) गाउँपालिकाले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । गाउँपालिकाको संयुक्त समितिले पनि यसरी पेश भएको पन्ध्र दिन भित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्नेछ । सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले गाउँपालिकालाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरबाहीले गर्दा म्यादभित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असूल उपर गरी लिनु पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक्का अंकको कुल रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको कम्तीमा छ महिना म्याद भएको परफरमेन्स बण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची २ बमोजिम कवुलियत गराई अनुसुची ३ बमोजिम पट्टा दिनु पर्नेछ ।

(६) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलन पुर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ३ को उपदफा (५) बमोजिम राखेको जमानत जफत भई गाउँपालिकाको कोषमा दाखिला हुनेछ ।

**६.ठेक्का रकमको किस्ता बुझाउने तरिका :** (१) गाउँपालिकाले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अंक निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशतसम्म छुट दिन सकिनेछ ।

तर यस्तो छुटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

**<u>७. ठेक्का तोड्ने</u>** : (१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले गाउँपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असुल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालबस्तुमा कर, सेवाशूल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर असुल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धित गाउँपालिकाले फीर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का बन्दोबस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का बन्दोबस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी बाँकी सरह असूल उपर गरी निजको नाम कालोसूचीमा राखी अन्य स्थानीय तह , प्रदेश र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक बर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम महशुल असूल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट गाउँपालिकालाई भएको नोक्सानी र गाउँपालिकाले ठेक्केदारबाट लिनुपर्ने बाँकी भएमा त्यसको दश प्रतिशत छुट समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने सम्बन्धित गाउ सभाले सो बमोजिम असूल गर्नु पर्ने रकम मध्ये राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

(६) गाउँपालिकाले ठेक्का बन्दोबस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलन पूर्जीमा उल्लिखित कुनै शर्तको उल्लघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छुटाएमा त्यसबाट ठेकेदारलाई भएको हानी नोक्सानी गाउँपालिकाले व्यहोर्नु पर्नेछ ।

**<u>८.बक्यौता रकम असूली सम्बन्धी व्यवस्था :-</u>** (१) गाउँपालिकाले विभिन्न कारणबाट असूल हुन नसकी बाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई गाउँपालिकाले असूली अंकको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन

सक्नेछ । एक भन्दा बढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१),(२),र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

## परिच्छेद - ३
## विविध

**९. बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकारी :** (१) आन्तरिक आय ठेक्काका लागि देहायका रकमको बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :

(१) पच्चिस लाख पचासहजार रुपैयाँसम्म प्रमुख प्रशासकिय अधिकृतले,

(२) पचास लाख रुपैयाँसम्म अध्यक्षले,

(३) पचास लाख रुपैयाँ भन्दा माथि गाउँपालिकाले

**१०. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र भएकासँग खरिद गर्नुपर्ने :** (१) गाउँपालिकाले ठेक्का लगाउदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त नगरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट समेत खरिद गर्न सकिनेछ ।

(क) एक प्राकृतिक व्यक्तिबाट एक आर्थिक बर्षमा एकलाख रुपैँया भन्दा कम रकमको सेवा लिनु पर्दा ,

(ख) मूल्य अभिबृद्धि कर नलाग्ने माल सामान खरिद गर्दा,

**११. सिलबन्दी दरभाउपत्र सम्बन्धी व्यवस्था :** (१) दशलाख रुपैयाँसम्मको निर्माण कार्य, मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिनेछ ।

(४) सिलबन्दी दरभाउपत्र पेश गर्ने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले अनुसुची १ मा उल्लेख भएको रकम तिरि गाउँपालिकाबाट दरभाउपत्रको फाराम खरिद गरी सोही फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

**१२. बोलपत्र सम्बन्धी दस्तुर :** (१) बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले अधिकार प्राप्त अधिकारी वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र सम्बन्धी कागजात गाउँपालिकाबाट अनुसूची १ मा उल्लेख बमोजिमको दस्तुर तिरी लिनु पर्नेछ ।

(२) कुनै व्यक्ति, फर्म कम्पनी वा संस्थाले उपदफा (१) बमोजिमको दस्तुर र लाग्ने हुलाक वा कुरीयर महसुल तिरी बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव आव्हान सम्बन्धी कागजात पठाई दिन लिखित अनुरोध गरेमा सम्बन्धित स्थानीय तहले त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई हुलाक वा कुरियर मार्फत बोलपत्र सम्बन्धी कागजात पठाई दिनु पर्नेछ ।

तर यसरी पठाउँदा त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बोलपत्रसम्बन्धी कागजात समयमा नै प्राप्त गर्न ,

(३) गाउपालिकाले बोलपत्रदातालाई कर असुल गर्ने स्थलको यथार्थ जानकारी दिन सम्बन्धित स्थलको भ्रमण गराउन सक्नेछ ।

## अनुसूची -१

## बोलपत्र सम्बन्धी दस्तुर

| | |
|---|---|
| (क) दशलाख रुपैंयासम्मको लागि | तिन सय रुपैंया |
| (ख) दशलाख भन्दा माथि साठीलाख रुपैंयासम्मको लागि | एकहजार रुपैंया |
| (ग) साठीलाख भन्दा माथि छ करोडसम्मको लागी | तीनहजार रुपैया |
| (घ) छ करोड भन्दा माथि दश करोड रुपैयासम्मको लागि | पाँच हजार रुपैंया |
| (ङ) दश करोड रुपैंया भन्दा माथि पच्चिस करोड रुपैयाँसम्मको लागि | छ हजार रुपैंया |
| (च) पच्चीसकरोड रुपैंया भन्दा माथि जतिसुकै रकमको लागि | दश हजार रुपँया |

## अनुसुची २

## कबुलियतको फारम

लिखितम..........को .......नाती............को...........छोरा..............बस्ने वर्ष...............को आगे तपशील बमोजिमको शर्तमा तपशील बमोजिम क्षेत्रमा गाउँपालिकाको रकम ठेक्का बन्दोबस्त गर्ने गरी यस गाउँपालिकाबाट आमन्त्रित गरिएको मिति................सूचना नं.........................अनुसार तपाई समेतले दिनुभएको बोलपत्र वा बढाबढको व्यहोरा पेश हुँदा आर्थिक वर्ष..................को रु..................मा ठेक्का दिने गरी तपाईसँग ठेक्का बन्दोबस्त गर्न मिति..................मा यस गाउँपालिकाबाट निर्णय भएको हुँदा उपयुक्त निर्णयानुसार तपशीलको शर्त बमोजिमका श्रोतबाट तपशील बमोजिमको क्षेत्रमा गाउँपालिकाको तर्फबाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मन्जुरी भै आउनु भएको हो होइन भनी आज मलाई सोधनी हुँदा मेरो चित्त बुझ्यो । यसमा तपशीलमा लेखिएको शतू बमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मन्जुरी भै उपस्थित भएको छु । तपशीलमा लेखिए बमोजिमको शर्तमा कुनै घटी बढी नपारी कामकाज गरी तपशीलमा लेखिए बमोजिमको मिति भित्र गाउँपालिकालाई....................किस्ताको रकम/ एकमुष्ट रु................बुझाई

मिति................देखि मिति.......................सम्म.................आर्थिक बर्षको निमित्त ठेक्का चलाउने छु । पछि मैले कुनै कुरामा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसँग रकम चलनको कबुलियत लेखि यस गाउँपालिकामा चढाएँ ।

**<u>तपशील</u>**

(१) तपशीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र(एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष................को रु ..................आर्थिक वर्ष........................को रु..................... आर्थिक वर्ष................को रु ..................को दरले जम्मा..................किस्तामा देहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी ................. साल...........................गते देखि...........................साल तकलाई प्रचलित कानूनको अधिनमा रही भगवतीमाई गाउँपालिकाको आय संकलन गर्नेछु ।

(२) उक्त आय संकलन गर्नका निमित्त गाउँपालिकाको क्षेत्रभित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको गाउँपालिकाबाट यसैसाथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी भगवतीमाई गाउँपालिकालाई किस्ता रकम बुझाउनेछु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय संकलन गर्न...........................गाउँपालिकाबाट निर्धारण भएको बस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दै-दस्तुर इत्यादि लगाई लिइने छैन र यस गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको गाउँपालिकाबाट अनुगमन हुँदा पाइएमा नियमानुसार कारवाही र सजाय मलाई मन्जुर छ ।

मैले यस रकम बापत बुझाउनु पर्ने देहायको पहिलो किस्ता पट्टा कबुलियत भएका दिन आजै बुझाउनु पर्ने रु..........................सूचनामा उल्लेख भएको गाउँपालिकाको बैंक खातामा जम्मा गरेको नगद बैंक भौचर यसैसाथ संलग्न गरेको छु ।

(४) अन्य किस्ताको हकमा तोकिएको मिति................................भित्र यस.............................गाउँपालिकामा बुझाउँदै जानेछु ।

(५) यो आय संकलन ठेक्का कबुलियत गरी चलन पुर्जी लिनको लागि कुल ठेक अंक रु........................बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको मिति......................सम्म म्याद रहेको परफरमेन्स वण्ड / नगद गाउँपालिकाको ...................बैंकमा रहेको खाता नं.................................मा नगदै दाखिला गरेको बैंक भौचर संलग्न गरेको छु ।

(६) अन्य आवश्यक कुरा केहि भएमा......................

**<u>किस्ताबन्दी :</u>**

........................साल...........................गते देखि..........................साल.........................तक..................बर्ष........................महिनाको ...............जम्मा रु....................... साल .................तक....................बर्ष १ को रु............पहिला किस्ता पट्टा कबुलियत भएको आजै.............. बुझाउनु पर्ने रु.................दाश्रो किस्ता.................साल .................गते......................गाउँपालिकामा बुझाउने रु................तेश्रो किस्ता...............साल.................गते....................गाउँपालिकामा बुझाउने रु..............

ठेकेदार वा निजको वारेस

गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजको अख्तियार प्राप्त अधिकारी

दस्तखत :

नाम थर :

ठेगाना :

बाबुको नामः

बाजेको नामः

दस्तखतः

नाम थर :

पद :

साक्षीको नाम, थर,ठेगाना र दस्तखत : १. श्री

२. श्री

इति सम्वत्..........................साल..............................गते रोज..............शुभम्

**अनुसूची -३**

**भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय**

**पट्टाको फाराम**

भगवतीमाई गाउँपालिकाबाट श्री..................को नाति................को छोरा...................बस्ने वर्ष.............को श्री................ले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा............बमोजिम ............श्रोतबाट तपशील बमोजिमको क्षेत्रमा तपशील बमोजिमको शर्तमा तपशील बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी यस भगवतीमाई गाउँपालिकाबाट माग गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्र वा बढाबढ वा ...............(

अन्य व्यवस्था) को व्यहोरा पेश हुँदा आर्थिक बर्ष ............को लागि रु..............अक्षरुपी .................मा ठेक्का दिने गरी तपाईका साथ ठेक्का बन्दोबस्तगर्ने मिति.................मा गाउँपालिकाबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णयानुसार तपशीलको शर्त बमोजिम तपशीलमा लेखिएको आय संकलन गर्न मन्जुरी भै कबुलियत गरी दिनु भएको हुँदा तपाईको कबुलियत बमोजिम तपसिलमा लेखिएको शर्तमा कति घटी बढी नपारी रुपैया बुझाई मिति............देखि मितिं................सम्मको निमित्त देहाय बमोजिमका श्रोतहरु बाट देहाय बमोजिमको दरमा आन्तरिक आय संकलन गर्ने कार्य गर्नू होला । तपाईले गरी दिनु भएको कबुलियत र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी कर, सेवा शुल्क वा दस्तुर असूल गरेको वा स्थानीय तहले कर, सेवाशूल्क वा दस्तुर असूल गरेको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर सेवा शुल्क वा दस्तुर असूल गरेको ठहर तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस गाउँपालिकालाई हुन जाने नोक्सानीको सम्पुर्ण रकम तपाईको राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिने छ । पछि तपाईको कुनै कुरामा उजुर दावी लाग्ने छैन भनी आजै यस भगवतीमाई गाउँपालिकाबाट ठेक्का चलनको पुर्जी गरी दिइएको छ ।

## तपशील

(१) तपशीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष..............को रु................आर्थिक बर्ष................का. रु..................आर्थिंक वर्ष.................को रु..........समेत गरी जम्मा रु..............को ठेक्का रकम प्रति किस्ता रु.............का दरले जम्मा...........किस्तामा देहायको म्यादभित्र किस्ता ठेक्का बुझाउने गरी .............. साल .............. गतेदेखि ..........................साल तकलाई प्रचलित कानूनको अधिनमा रही रकम चलन गर्ने ।

(२) उक्त आय संकलन गर्नका निमित्त गाउँपालिकाको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल समानहरुको गाउँपालिकाबाट यसै साथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा कर, सेवा शूल्क वा दस्तुरको रुपमा आय संकलन गरी भगवतीमाई गाउँपालिकालाई किस्ता रकम बुझाउने छु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्ने ।

(३) सो आय संकलन गर्न यस गाउँपालिकाबाट निर्धारण भएको बस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शूल्क वा दै-दस्तुर इत्यादि लगाई लिईने छैन र गाउँपालिकाबाट प्रमाणित गरिए बाहेका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको कुरा यस गाउँपालिकाबाट अनुगमन हुँदा पाईएमा नियमानुसार कारवाही र सजाय गरिनेछ ।

(४) अन्य किस्ताको हकमा दोश्रो किस्ता रु. .............. षिति ....................... भित्र र तेश्रो किस्ता रु. ................ मिति .................... भित्र यस भगवतीमाई गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(५) यसमा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर तपाईकै तर्फबाट आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(६) यसमा नियमानुसार लाग्ने आयकर तपाईकै तर्फबाट नियमानुसार आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(७) अन्य आवश्यक कुरा केहि भएमा...................

**<u>किस्ताबन्दी :</u>**

....................साल...........गते देखि.................साल .................तक................बर्ष..................महिनाको ................जम्मा रु................साल.....................तक ..........................वर्ष १ को रु......................... पहिला किस्ता पट्टा कबुलियत भएको आजै .......................बुझाउनु पर्ने रु........................... दोश्रो किस्ता ...................साल ....................गते भगवतीमाई गाउँपालिकामा बुझाउने रु....................... तेश्रो किस्ता.......................साल.................गते भगवतीमाई गाउँपालिकामा बुझाउने रु ..................।

इति सम्वत्.............साल...................... गते रोज......................शुभम् ।